# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्या:
च.नं. :

मितिः २०७५।१२।११

श्री प्रमुखज्यू,
घोराही उप-महानगरपालिका,
दाङ ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट घोराही उप-महानगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सो सँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.२० करोड ६३ लाख ३८ हजार बेरुजू देखिएको छ । असुल गर्नुपर्ने रु.६३ लाख ३३ हजार, अनियमित रु.२ करोड १ लाख ४१ हजार, प्रमाण कागजात पेश नभएको रु.१७ करोड ६८ लाख ७३ हजार र पेश्की रु.२९ लाख ९१ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. यस वर्ष गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित मौज्दात रकम भन्दा ५३ लाख ४१ हजार घटि जिम्मेवारी सारेको छ ।

४. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।१६ मा जारी गरिएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा वेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १३ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# घोराही उप- महानगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

## २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस उप महानगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । प्रदेश ५ मा अवस्थित यो उपमहानगरपालिका अन्तर्गत १९ वडा, ५२२.२१ वर्ग कि.मी.क्षेत्रफल र १,५६,१६४ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ को स्थानीय सञ्चित कोषको आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| आय तर्फ | | सि.नं. | व्यय तर्फ | |
|---|---|---|---|---|
| विवरण | रकम | | विवरण | रकम |
| **गत वर्षको जिम्मेवारी** | **७८,९४०,७१३.०१** | | **चालु खर्च** | ६९०,९४३,५४०.५९ |
| क) नगद | | | **पूँजीगत खर्च** | ६५२,२११,१६६.५५ |
| ख) बैंक | **७८,९४०,७१३.०१** | | **वित्तीय व्यवस्था भुक्तानी** | |
| **राजस्व (आन्तरिक आय)** | **६८,१६३,३७६.६९** | | क) ऋण भुक्तानी | |
| क) आन्तरिक राजस्व | ६८,१६३,३७६.६९ | | ख) ब्याज भुक्तानी | |
| ख) राजस्व बाँडफाँड | - | | ग) अन्य भुक्तानी | |
| ग) अन्य आय | | | **लगानी** | |
| **वित्तीय हस्तान्तरण** | **१,२२०,२५०,०००.००** | | ऋण लगानी | |
| क)वित्तीय समानीकरण अनुदान | ६३२,४९१,०००.०० | | शेयर लगानी | |
| ख) सशर्त अनुदान | ३७६,७१३,०००.०० | | अन्य लगानी | |
| ग) समपूरक अनुदान | | | **धरौटी फिर्ता** | १,७३८,७५३.१६ |
| घ) विशेष अनुदान | २११,०४६,०००.०० | | **कोलेनिका फिर्ता** | २३,३६९,५३७.३५ |
| **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | **मौज्दात** | |
| क)वित्तीय समानीकरण अनुदान | | | क) नगद मौज्दात | |
| ख) सशर्त अनुदान | | | ख) बैंक मौज्दात | ९४,११५,४१४.३१ |
| **अन्तर स्थानीय तहबाट प्राप्त** | **००** | | | |
| **वित्तीय व्यवस्था प्राप्ति** | **३४,८६८,२४६.००** | | | |
| घ) अन्य प्राप्ति | ३४,८६८,२४६.०० | | | |
| **विभिन्न कोषतर्फको आय** | **११,२१३,९४८.०५** | | | |
| **जनसहभागिता (नगद)** | **४४,१२४,८४७.०५** | | | |
| **धरौटी आय** | **४,८१५,३२१.१६** | | | |
| **लगानीको साँवा फिर्ता** | | | | |
| **अन्य विविध आय** | **१,९६०.००** | | | |
| **जम्मा** | १,४६२,३७८,४११.९६ | | | १,४६२,३७८,४११.९६ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १ | **वजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नु पर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारित गर्नु पर्ने व्यवस्था भएकोमा आर्थिक ऐन २०७४, नीति तथा कार्यक्रम २०७४ तथा विनियोजन ऐन २०७४ मिति २०७४।५।२७ को नगरसभावाट मात्र पारित गरेको छ । ऐनमा भएको उपरोक्त व्यवस्थाको पालना गर्नुपर्दछ । | |
| २ | **आय व्ययको विवरण : यस संवन्धमा देखिएका व्यहोरा यस प्रकार छन् :**<br>● २०७३/७४ को लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित बैंक मौज्दात रु. ८४२८१९०६।४४ जिम्मेवारी सार्नु पर्नेमा यस वर्ष रु ७८९४०७१३।०१ मात्र जिम्मेवारी सारेकोले रु ५३,४१,१९३/- घटि जिम्मेवारी सारेको रकमको हिसाव मिलान गरेको प्रमाण पेश गर्नु पर्ने रु .<br>● यस वर्ष गरेको आम्दानी मध्ये रु ५८,७२,७५५।०५ को स्रोत खुलेको छैन । उक्त रकम आय तथा व्ययको विवरणमा फरक परेको कारण हिसाव मिलान गरेको देखिन्छ । श्रोत अनुसार आम्दानी बाँधी राजस्वको लेखा राख्नुपर्ने रु ... | ५३,४१,१९३/<br><br>५८,७२,७५५।०५ |
| ३ | **लक्ष्य तथा प्रगति :** कार्यालयले लक्ष्य अनुसार प्रगति गरी वार्षिक प्रगति प्रतिवेदन तयार गर्नु पर्नेमा गरेको छैन । वार्षिक कार्यक्रमको वजेट तथा सो को खर्च समेत देखिने गरी आर्थिक कार्यविधि निमावली, २०६४ अनुसार प्रगति प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| ४ | **आन्तरिक नियन्त्रण प्रणाली**: स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्वन्धी अन्य ब्यहोराहरु तपसिल अनुसार रहेका छन् ।<br>● सुशासन ( व्यवस्थापन तथा सञ्चालन ) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने र सार्वजनिक सुनुवाई गर्नु पर्नेमा गरेको छैन ।<br>● आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) अनुसार जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन ।<br>● आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ (४) वमोजिम मूल्य खुल्न नसकेका सामानहरुको मुल्य खुलाइ राख्नु पर्नेमा केही सामानहरुको मूल्य खुलाएको छैन ।<br>● मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै दिनुपर्नेमा नदिइ आर्थिक वर्षको अन्त्यमा मात्र जानकारी दिएको तथा इ- टिडिएस नगरेको,<br>● स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्च गर्नु पर्नेमा कुल खर्च मध्ये अधिकांस रकम तेश्रो चौमासीकमा खर्च गरेको,<br>● कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको, | |

| | | |
|---|---|---|
| | • वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्यांकन गरेकोमा सो को प्रतिवेदन दिने नगरेको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानिय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै तोकी सक्नु पर्नेमा नतोकेको,<br>• आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (८) बमोजिम कुनै रकमको भुक्तानी दिंदा रीत पुगे नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले "भुक्तानी भएको" जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको छैन ।<br>• कार्यलयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि मौजुदा सूची तयार गरेको पाइएन ।<br>• यस नगरपालिकाले ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिजेन्सि खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको छैन ।<br>• विभिन्न आयोजनाहरुको लागि निर्माण सामाग्री ढुवानीको कर बिजक जारी गर्नु पर्नेमा नगरी भर्पाइ मात्र संलग्न गरेको पाइयो ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु १० लाख भन्दा बढिको निर्माण कार्य गराउँदा विमा गराउनु पर्नेमा कुनै पनि ठेक्कामा विमा गराएको छैन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नु पर्नेमा गरेको छैन ।<br>• सार्वजनिक निर्माण कार्यहरुको लागत अनुमान स्वकृती, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख गरेको छैन ।<br>• मू.अ.करमा दर्ता नभएको विक्रेता सँग खरिद गर्दा १५% को दरले अग्रिम कर कट्टा गर्नु पर्नेमा १.५% को दरले कट्टा गरेको छ ।<br>• वार्षिक कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमका प्रत्येक क्रियाकलापहरुमा अनुगमन तथा मुल्याङकनको लागि अलग अलग रकम राख्ने गरेको पाइयो । एकमुस्ट राखि भ्रमण खर्च नियमावली अनुसार खर्च गर्नु पर्दछ ।<br>• यस वर्ष नगरपालिकाले तलवी प्रतिवेदन पास नगराई तलव तथा भत्ता भुक्तानी गरेको,<br>• खर्च संकेत वर्गिकरण र व्याख्या अनुसार वार्षिक कार्यक्रम तयार गरेर लेखाङ्कन गर्नु पर्नेमा उक्त कार्य नगरेको,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु नगरेको,<br>• कार्यक्रमगत खाता नराखेको कारण कार्यक्रमगत प्रगति एकिन गर्न नसकिएको<br>• स्थानिय सरकार संचालन ऐन, २०७४ अनुसार नगरपालिकाले आफ्नो क्षेत्र भित्रको श्रोत नक्साङ्कन नगरेको,<br>• वातावरण संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार नगरेको,<br>• वजेटमा उल्लेखित चालु खर्च तर्फ छुट्याइएको रकम भन्दा वढी खर्च भएको तर पुजीगत खर्चमा छुट्याइएको रकम भन्दा कम खर्च भएको । | |

| | | |
|---|---|---|
| | ● मिल्क क्यान वितरण, डेरि पसल सुधार, मासु पसल सुधार, बोका वितरण र घाँसको विउ वितरण गरी सम्बन्धित वर्गलाई अनुदान दिइएकोमा सो को सदुपयोग भए नभएको विषयमा अनुगमन तथा निरिक्षण गरेको छैन । अनुदान प्राप्त गर्नेहरुले प्रगति प्रतिवेदन पनि पेश गरेका छैनन् ।<br><br>● आन्तिरक प्रशासनिक खर्च अन्तर्गत भौ.नं ९९६ बाट रु ३४,२००/- गाडि मर्मत गरेकोमा लागत अनुमान तयार गरेको छैन ।<br>● पर्याप्त आधार र कारण वेगर सार्वजनिक खरिद नियमावली २०६४ मा भएको व्यवस्था अनुसार नगरी १४ ठेक्काको म्याद थप गरेको,<br>● आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २० (३) मा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नुपर्ने व्यवस्था रहेको रहेकोमा यस वर्ष यस कार्यालयले रु ६ करोड ८९ लाख ८६ हजारका १८ ठेक्का दोश्रो चौमासीकमा लगाएको छ ।<br>● ऐलानी जग्गाको खोजी गर्ने कार्यको लागि भत्ता, खाजा गरी विभिन्न शिर्षकमा रु ४५,०००/- खर्च भएकोमा नापी कार्यालयबाट रेकर्ड माग भएको समेत देखिएन । | |
| ५ | **<u>आन्तरिक लेखा परिक्षण :</u>**<br>● २०७४/७५ को श्रावण देखि बैशाख सम्मको आन्तरिक लेखापरिक्षण ना.सु. श्री शेरबहादुर थापा र बाँकि दुई महिनाको ले.अ. श्री धन प्रसाद शर्माबाट गराएको छ । प्रशासनिक कर्मचारीलाई आ.ले.प. को काम लगाउनु औचित्यमूलक भएन । आ.ले.प. गर्ने कार्य नियमित रुपमा गरिएको पनि पाइएन । यसले गर्दा आन्तरिक लेखा परिक्षण कार्यले आन्तरिक नियन्त्रणको कार्य गर्न सकेको छैन ।<br>● पछिल्लो दुई महिनाको आ.ले.प. प्रतिवेदनमा जिन्सी रजिष्टर उपलब्ध नगराएको व्यहोरा उल्लेख गरिएको छ । आन्तरिक लेखा परिक्षकले परिक्षण गर्न खोजेका सम्पूर्ण कागजातहरु पेश गर्नु सबै शाखा, महाशाखा तथा कर्मचारीहरको कर्तव्य हुन्छ ।<br>● पेश गरिएका आन्तरिक लेखा परिक्षण प्रतिवेदनहरुले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ र महालेखा नियन्त्रक कार्यालयले जारी गरेको आन्तरिक लेखापरिक्षण कार्यविधि निर्देशिका, २०७३ अनुसारका सबै विषयहरु परिक्षण गरि प्रतिवेदन जारि गर्नु पर्नेमा नगरि निकै कम विषयहरु मात्र परिक्षण गरेको देखियो । आन्तरिक लेखापरिक्षण संस्थागत र प्रभावकारी हुन नसकेको हुँदा आ.ले.प. शाखा स्थापना गरि आन्तरिक लेखापरिक्षणलाई नियमित र प्रभावकारी बनाउनु पर्दछ । यसको लागि आन्तरिक लेखा परीक्षकले आफ्नो कार्य क्षेत्र अनुसार लेखापरीक्षण गरी सोही अनुसार प्रतिवेदन गर्नु पर्दछ । | |
| ६ | **<u>जिन्सी व्यवस्थापन :</u>** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० बमेजिम जिन्सी मालसामान के कस्तो अवस्थामा छन्,कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक निरीक्षण गराई प्रतिवेदन तयार गर्नु पर्दछ र आम्दानी बाँध्न छुट भएका कुनै मालसामान भेटिएमा मूल्य र विवरण खुलाई आम्दानी बाँध्नु पर्दछ । निकायले २०७४/७५ मा खर्च भएर नजाने जिन्सी सामाग्रीहरुको मात्र भौतक परिक्षण गरेको छ । तर सो प्रतिवेनमा जिन्सी खाताको मौजात र वास्तविक मौजातको तुलना गरेको पाइएन । २०७४/७५ को खर्च भएर जाने जिन्सी खाता लेखा परिक्षण शुरु भए पछि २०७५ पौषमा मात्र अध्यावधिक गरेको पाइएयो । साथै यस वर्ष जिन्सी सामानहरु लिलाम र मिनाहा गर्ने कार्य भए गरेको देखिएन । | |

७

**चौमासीक खर्चको स्थिति :** कार्यालयको वार्षिक कार्यक्रम अनुसार  २०७४।०७५ को पहिलो, दोश्रो तथा तेश्रो चौमासिकमा संचालन गरिने कार्यक्रम/क्रियाकलाप तथा सो का लागि लाग्ने वजेटको निर्धारण गरिए अनुसार कार्यालयले पुजीगत तर्फ तपसिल अनुसार  रु ६५ करोड २२ लाख ११ हजार खर्च गरेको मध्ये तेश्रो चौमासीकमा रु ६० करोड १५ लाख ६९ हजार खर्च गरेको छ । वार्षिक कार्यक्रममा उल्लेखित चौमासिक लक्ष्य अनुसार काम गरी सोही अनुसार वजेट खर्च गर्नुपर्दछ ।

रु. हजारमा

| क्र.सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | ८०११२० | ६५२२११ | १६१४० | ३४५०० | ६०१५६९ | २९८४९ |
| | प्रतिशत | | | | | |

८ **जिन्सी सामानको संरक्षण एवं हस्तान्तरण -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी सामान हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ । यसै गरी नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । यस कार्यालयमा गाभिएका महिला तथा वालवालीका कार्यालय, डिभिजन सहकारी कार्यालय, त्रिपुरा नगरपालिका आदीवाट सामानहरु हस्तान्तरण गरी दालिखा गर्नु पर्नेमा सो अनुसार भए गरेको छैन ।

८.१ यस उपमहानगर पालिकाको वडा नं. १६ करोती डाडा स्थित ल्यान्ड फिल्ड साइटमा रु ६१ लाख ५४ हजारमा खरिद गरेको जे एस १४० एक्साभेटर निष्क्रिय अवस्थामा राखी फोहोरमैला व्यवस्थापनको लागि जे.सी.वी व्याक हु लोडर प्रयोग गरेको पाइयो । तर लगवुक विश्लेषण गर्दा निष्क्रिय राखेको एक्साभेटरको लागि पनि यस वर्ष पेट्रोल खर्च गरेको छ । यसरी एउटा कामको लागि दोहोरो खर्च हुन गएको देखिदा उक्त खर्च नियन्त्रण गर्नुपर्दछ ।

८.२ व्याक हु लोडर कार्यालयको निर्णय अनुसार पेट्रोल समेत राखी मागको आधारमा प्रयोग गरेको समेत देखिन्छ । तर सो को समय नियन्त्रण पक्ष कमजोर छ । चौकिदार मार्फत वाहिर गएको र फर्केको समय नियन्त्रण गर्नुपर्दछ ।

९

**नीति तथा कार्यक्रमको कार्यान्वयन स्थिति :** निकायको २०७४/७५ को नीति तथा कार्यक्रममा उल्लेख भएका तपशिलका व्यवस्थाहरु कार्यान्वयन भएको देखिएन :

- आ.व. २०७४/७५ मा पटके सवारी कर उठाउने
- चक्रपथको योजना वनाउने
- मा.वि नभएका स्थानमा जेठो विद्यालयलाई मा वि वनाउने
- प्राविधिक महाविद्यालय वनाउन संभाव्यता अध्ययन गर्ने,
- सडकमा डस्टविनको व्यवस्था गर्ने भनेकोमा आंशिक भएको
- व्यवस्थापन लेखापरीक्षण गराउने
- स्वास्थ्य वीमा लागु गर्ने
- ७० वर्ष माथिका नागरीकलाई नगर वसमा निशुल्क यात्राको व्यवस्था मिलाउने

१०

**उपभोक्ता समितिले लिएको काम निर्माण व्यवसायी मार्फत गराएको :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (९) र (१०) बमोजिम उपभोक्ता समितिबाट हुने निर्माण कार्यमा लोडर,

एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन व्बाइलर जस्ता हेभि मेशिनहरु प्रयोग गर्न सकिने छैन । तर लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्य उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । साथै उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन सकिने छैन भनिएको छ । निकायले विभिन्न आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउन सम्झौता गरेकोमा ती समितिहरुले आफुले लिइएको काम निर्माण व्यवसायीबाट गराएको र हेभि मेसिनहरु सहमति नलिइ प्रयोग गरिएको पाइयो । केही उदाहरणहरु तल उल्लेख गरिएको छ ।

| क.स. | भौ. न. | उ.स.को नाम | आयोजनाको रकम | ठेकेदार बाट गराएको रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५७० | खैरा चोक देखि कोठारी जाने सडक पिच निर्माण उपभोक्ता समिति | ४६,८८,२४४.४६ | ६,९६,९८४.०० | जे.सि.बि., रोलिङ प्रयोग भएको ठेकेदारको बिल |
| २ | १९४५ | वडा नं १८ मसिना देखि वडा नं १९ कार्यालय सम्म जोड्ने सडक उपभोक्ता समिति | ५०,२३,६५२.६३ | ४६,८९,५००.०० | तिरुपाते निर्माण सेवा प्रा.लि.मार्फत काम भएको |
| ३ | १९९१ | बाँसगजेरिमा सिंचाई डिपबोरिङ उपभोक्ता समिति | १०,५२,६३१.५८ | १०,५२,४७६.३५ | गाउरी शंकर वाटर टुयब वेल कन्सट्रक्सन प्रा.लि. मार्फत काम भएको |
| ४ | ९२८ | नयाँबस्ती आश्रम टोल गोर्खा टोल शिवमन्दिर टोलमा सडक पिच तथा नाला निर्माण उपभोक्ता समिति | ८९,२८,५७१.४२ | १३,८४,२४५.०० | ठेकेदार मार्फत काम भएको |
| ५ | १५२२ | नयाँबस्ती आश्रम टोल गोर्खा टोल शिवमन्दिर टोलमा सडक पिच तथा नाला निर्माण उपभोक्ता समिति | ८९,२८,५७१.४२ | ६८,७००.०० | ठेकेदार मार्फत काम भएको |
| ६ | ११७९ | कुल बहादुर बुढाथोकीको घर देखि पुर्व उत्तर बामदेव थापाको घर सिमा सम्म र हरिद्वार घनिबगिया जोड्ने सडक उपभोक्ता समिति | ५०,००,०००.०० | ३,५०,९१९.०० | ठेकेदार मार्फत काम भएको |
| ७ | १९९२ | कुल बहादुर बुढाथोकीको घर देखि पुर्व उत्तर बामदेव थापाको घर सिमा सम्म र हरिद्वार घनिबगिया जोड्ने सडक उपभोक्ता समिति | ५०,००,०००.०० | १४,२८,१४९.६० | ठेकेदार मार्फत काम भएको र १,०३५,०००को ठेकेदारको भर्पाइ मात्र भएको । |
| ८ | ११११ | दिपज्योति अस्पतालबाट भरतपुर जोड्ने र सूर्दशन रिजालको घरदेखि पश्चिम कुलो सम्म सडक बाटो पिच उपभोक्ता समिति | ५०,००,०००.०० | १,९५,६९८.०० | ठेकेदार मार्फत काम भएको |
| | | **जम्मा रकम** | **४,३६,२१,६७१.५१** | **९८,६६,६७१.९५** | |

उक्त नियमावलीको नियम १३क अनुसार उ.स.ले प्राप्त गरेको काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले त्यस्तो उ.स.लाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने गरी अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने व्यवस्था अनुसार माथिका उ.स. र निर्माण व्यवसायीहरुलाई सोही अनुसार कारवाही गर्नु पर्ने रु.. ९८,६६,६७१.९५

११ **उपभोक्ता समिति वनाई व्यक्तिलाई भुक्तानी** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति मार्फत काम गराउँदा उ.स.को गठन गर्नु पर्ने, जनसहभागिता गर्नु पर्ने, उ.स.को खातामा भुक्तानी दिनु पर्ने व्यवस्था छ । तर उ.स. गठन वेगर जनसहभागिता समेत नगराई उ.स.को नाममा व्यक्तिलाई तपशिल अनुसार भुक्तानी दिइएको छ । केही उदाहरण देहायअनुसार छ । ४,७१,६००/-

| सि. नं. | भौचर नं | कामको विवरण | रकम |
|---|---|---|---|
| १ | २ | वेलुवा गाँउ कृष्ण चौधरी, कविराज सुवेदिको घर हुँदै कुरा टोल सम्मको बाटो ग्राभेल | ७२,००० |
| २ | ६ | वन्तरी ओइनरे खोलादेखि रोहीत न्यौपानेको घरसम्म बाटो ग्राभेल | ३१,२०० |
| ३ | ७ | सडक मर्मत कार्यक्रम | ३,६८,४०० |
| | | **जम्मा रकम** | **४,७१,६००** |

१२ **सामाजिक सुरक्षा भत्ता वितरण :** यस वर्ष सामजिक सुरक्षा भत्तामा रु १९,८५,३४,६००/ खर्च गरेको सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् :

१२.१ यस उ.प.म.न.पा.का १९ वडा मध्ये १४ वडाका सामाजिक सुरक्षा भत्ता पाउने ८,९४० हरु मध्ये

| | | |
|---|---|---|
| | १००४ जना (११.२३ प्रतिशत) ले वर्षभर नै भत्ता पाएको देखिएन । यसको कारण पहिचान गरी समाधान गर्नुपर्दछ । | |
| १२.२ | उक्त भत्ता वितरण गर्ने कार्य विभिन्न बैंकहरुबाट भइ रहेको छ । ४ बैंकहरुले भत्ता वितरण गरि बचत भएको रकम १,३०,९०,०९०/- फिर्ता गरेका छन् । उक्त रकम वेरुजु खातामा दाखिला गर्नु पर्ने रु ...... | १,३०,९०,०९०/- |
| १२.३ | त्यसै गरी १३ वैंक तथा वित्तीय संस्थाहरुलाई उक्त भत्ता वितरण गर्न रु.१४,८८,३६,६००। उपलब्ध गराएकोमा सो को विवरण हालसम्म कार्यालयमा रहेको छैन । उपलब्ध गराएको उक्त रकमको खर्चको विवरण लेखापरीक्षण अवधि २०७५ मंसीर मसान्त सम्म पनि उपलब्ध भएको छैन । उक्त रकम मध्ये खर्च नभई वचत भएको रकम राजश्व खातामा जम्मा गर्नु पर्नेमा नगरेकोले वचत रकम राजश्व खातामा जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने रु ........... | १४,८८,३६,६००। |
| १२.४ | सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरुको नामावली यस कार्यालयले अद्यावधिक गर्नु पर्नेमा गरेको छैन । साथै संवन्धीत वडाहरुले नया भत्ता पाउनेहरु र मृत्य भएकाहरुको विवरण अनलाईन पोष्टिङ्ग गर्ने गरेकोमा अद्यावधिक हुन सकेको छैन । | |
| १३ | **रकमान्तर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ को व्यवस्था विपरित बजेट रकमान्तर गरिएका केही उदाहरणहरु तपशिल अनुसार छन् :<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ बमोजिम कार्यपालिकाबाट स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शिर्षकबाट पूँजीगत शीर्षकमा २५% नबढाई रकमान्तर गर्न सक्ने उल्लेख भएकोमा अनुसन्धान तथा विकाश शिर्षकबाट मेसिनेरि औजार तथा उपकरण शिर्षकमा सो शिर्षकमा विनियोजित बजेटको ३४% ले हुने रु ४०,००,०००/- रकमान्तर गरेको छ ।<br>● त्यसै गरी सोही दफा अनुसार अन्य शिर्षकहरुबाट पूँजीगत शिर्षकमा मात्र रकमान्तर गर्न सकिनेमा अतिथि सत्कार, सवारी इन्धन, कर्मचारी तलब, बैठक भत्ता, कार्यालय संचालन आदि चालु खर्च शिर्षकहरुमा रु २,८७,००,०००/- रकमान्तर गरेको छ ।<br>● नगर सभाको २०७४/१२/२१ को निर्णयबाट नगर प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको तोक आदेशबाट भएका कामहरुको अनुमोदन गरिएको छ । यसमा रकमान्तर गरिनु पर्ने तथा अन्य खर्चहरु पनि रहेकोमा सोको विवरण निर्णय पुस्तिकामा संलग्न गरिएको छैन । रकमान्तरको एक मुष्ट विवरण तयार गरेको पनि छैन । | |
| १४ | **बैठक भत्ता :** प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ अनुसार पदाधिकारीहरुले काम कारावाहि शूरु गरेको मिति देखि मासिक सुविधा पाउने तर दफा ४ अनुसार त्यस्तो मासिक सुविधा पाउने पदाधिकारीहरुले बैठक भत्ता नपाउने व्यवस्था छ । सोहि व्यवस्था अनुरुप सुरु देखि मासिक पारिश्रमिक भुक्तानी दिइएका विभिन्न पदाधिकारीको लागि वर्ष भौ नं. ३६९, १४२०, ८७० लगायत वाट कर कट्टा पछिको बैठक भत्ता रु ४९,५८,४७५/- समेत भुक्तानी भएको छ । सो ऐनको २०७५/०४/३१ मा राजपत्रमा प्रकाशित संशोधन अनुसार मासिक सुविधा र बैठक भत्ता लिन पाउने व्यवस्था गरेको छ तर यो व्यवस्था संशोधन पश्चात मात्र लागु हुने व्यवस्था भएकोले माथि उल्लेखित बैठक भत्ता सम्बन्धित पदाधिकारीहरुबाट असुल उपर गर्नु पर्ने रु ...... | ४९,५८,४७५/- |
| १५ | **अनुमगन भत्ता भुक्तानी :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ८ मा १५ किलोमिटर भित्र भ्रमण गर्दा दैनिक भत्ता नपाउने उल्लेख छ । यस उपमहानगरपालिकाका पदधिकारी तथा कर्मचारीहरुलाई विकाश कार्यको अनुगमन तथा निरिक्षण गरेको देखाइ दैनिक रु १,५०० का दरले अनुगमन तथा फरफारक वैठक भत्ता भुक्तानी गरेको छ । कर्मचारीहरुको लागि अनुगमन भत्ता नभई भ्रमण खर्च नियमावली, २०६४ अनुसार दैनिक तथा भ्रमण खर्च दिनु पर्ने तर १५ किलोीमिटर भित्र पर्ने स्थानहरुको अनुगमन कार्यको लागि दैनिक भ्रमण खर्च दिन नमिल्ने अवस्थामा पनि अनुगमन कार्यको लागि बैठक भत्ता भुक्तानी दिएको छ । त्यसैगरी पदाधिकारीहरुको सुविधा संवन्धी ऐन २०७५ मा अनुमगन भत्ता भुक्तानी दिने व्यवस्था नभएको र दफा १३ मा सो ऐनमा उल्लेख गरीएका सुविधा | |

वाहेक अन्य सुविधा भुक्तानी दिन नपाउने व्यवस्था भएकोले तपशिल अनुसार पदाधिकारी र कर्मचारीहरुलाई भुक्तानी भएको अनुगमन तथा फरफारक कार्यको वैठक भत्ता असुल गर्नुपर्ने रु ...... १२,१६,३५०/

| क. स. | भौ. न. | मिति | अनुगमन गरेको आयोजनाको नाम | भत्ता रकम | कर कट्टि | भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|---|
| १ | ८७० | ९/२/२०७५ | मिति २०७४/१२/६ देखि २०७५/०१/२९ (३५) दिनको अनुगमन जाचपास तथा फरफारक लागि बसेको बैठक भत्ता। | ५,६८,५००.०० | ८५,२७५.०० | ४,८३,२२५.०० |
| २ | १९३२ | २९/३/२०७५ | मिति २०७५/०१/३१ देखि २०७५/०३/२३ (४५) दिनको अनुगमन जाचपास तथा फरफारक लागि बसेको बैठक भत्ता। | ८,६२,५००.०० | १,२९,३७५.०० | ७,३३,१२५.०० |
| | | | **जम्मा रकम** | **१४,३१,०००.००** | **२,१४,६५०.००** | **१२,१६,३५०.००** |

१६ **राजश्व :**

- आ.व. २०७४/७५ मा रु १७ करोड २ लाख राजस्व असुल गर्ने लक्ष्य राखेकोमा रु ६ करोड ८१ लाख मात्र असुल भएको छ। कम असुली हुनुको कारण पत्ता लगाई सामाधान गर्नुपर्दछ।
- नगरपालिकाले वडा कार्यालयले काटेको रसीदको एकमुष्ठ रुपमा राजस्वको सटफ्वेयरमा आम्दानी बाँध्ने गरेकोमा वडा नं ६ बाट प्राप्त रसिद नं ३०६५१-३०७०० बाट रु १५,८५०/- जम्मा हुनु पर्नेमा रु १५,४१०/- मात्र जम्मा भएको देखिन्छ। जम्मा हुन बाँकि रु ४४०/- बैंक दाखिला गरि आम्दानी बाँध्नु पर्दछ।
- राजश्व संकलन गर्न राखिएको सटफ्वेयरमा २०७४/७५ को स्वीकृत दररेट राखिएको थियो। उक्त सफ्टवेयरमा आ.व. २०७५/७६ को नयाँ दररेट राखे पछि २०७४/७५ को दररेट हेर्न नमिलेकाले दररेटको परिक्षण गर्न सकिएन। साथै सटफ्वेयरको दररेट प्रमाणिकरण गर्नुपर्नेमा गरेको देखिएन। अघिल्ला वर्षहरुको दररेट देखिने गरि सफ्टवेयर परिमार्जन गर्नु पर्दछ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ को दफा ५७ वमोजिम नगरपालिकाले घर जग्गा बहाल कर संकलन गर्ने व्यवस्था छ। सो व्यवस्था अन्तर्गत यस आ.व. मा रु २८,९६,०८६/- बहाल कर असुल भएको देखिन्छ। उठनु पर्ने बहाल कर एकिन गरि असुल गर्नु पर्नेमा एकिन नगरेको कारण स्वेच्छाले तिरेको रकम मात्र असुल गर्ने गरेको छ। २०७४/०७५ को बहाल कर असुल गर्दा विगतको साँवा र ब्याज समेत असुल गर्नु पर्नेमा असुल गरेको पाइएन। उठ्न बाँकि ब्याज सहितको बहाल करको विवरण अध्यावधिक गरि विगतको बहाल कर पहिले असुल गर्नु पर्दछ। साथै स्थान अनुसार न्यूनतम घर बहाल दर तोक्नु पर्दछ।
- २०७४/७५ मा कुल ७८ वटा रसिद रद्द गरिएका छन्। राजश्व संकलन गरिएका रसिदहरु रद्द गर्दा रुजु गरेको पाइएन। हरेक दिन रद्द गरिएका रसिदहरु प्रमुख प्रशासकिय अधिकृतबाट रुजु गराउने व्यवस्था मिलाउनु पर्दछ।
- आर्थिक ऐन २०७४ मा व्यवसाय करका दररेट निर्धारण गर्दा विभिन्न व्यवसायहरुलाई 'क' 'ख'मा वर्गिकरण गरि दररेट निर्धारण गरिएको छ। तर वर्गिकरणको मापदण्ड तयार गरेको छैन। मापदण्ड तयार गरि लागू गर्नुपर्दछ।
- वडा कार्यालयहरुलाई नगरपालिकाले नगदि रसिद पठाँदा रसीद नियन्त्रण खाता राखेको तर आ.व. को अन्त्यमा बाँकी रहेका रसिदको अभिलेख राखेको छैन।
- यस कार्यालयले उठाउने सबै प्रकारका राजश्वहरुको लगत अध्यावधिक गरि उठाउनु पर्दछ।

१७ **<u>कार्यक्रम विपरित अख्तियारी दिइएको :</u>** संस्कृति तथा पर्यटन कार्यक्रम अन्तर्गत आदिवासि जनजातिहरुको प्रोफाइल र कुनै एकको वृतचित्र निर्माण गर्ने, सास्कृतिक सम्पदाहरुको अभिमुखिकरण गर्ने आदि कामको लागि रु ८० लाख बजेट विनियोजन भई निकासा प्राप्त भएको रु ४० लाख बाट नेत्रलाल फाउन्डेसनको काम गराउने अख्तियारी सम्बन्धित मन्त्रालयबाट पठाएको छ। सो रकमबाट उक्त फाउन्डेसनको पर्खाल र तटबन्ध निर्माण कार्य गराइ रु २७ लाख ६ हजार खर्च गरेको छ। कार्यक्रम विपरित अख्तियारी दिने अधिकारीलाई जिम्मेवार बनाउनु पर्ने समेत रु ................ २७,०६,०००/

| | | |
|---|---|---|
| १८ | **फछ्र्यौट गर्न बाँकी पेश्की**: २०७५ आषाढ सम्म तपशिल अनुसार बाँकि रहेको पेश्कि ठेक्का सम्झौता तथा आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार फर्छौट गर्नुपर्ने रु ........ | २९,९१,३९२। |

| सि.नं. | नाम | रकम |
|---|---|---|
| २ | स्वास्थ्य चौकि रामपुर | ८१,७०० |
| ३ | उपस्वास्थ्य चौकि सौडियार | १९,००० |
| ४ | स्वास्थ्य सहयोग समिति लक्ष्मीपुर | ३६,१०० |
| ५ | उपस्वास्थ्य चौकि हापुर | ११,४०० |
| ७ | उपस्वास्थ्य चौकि सैंघा | १५,२०० |
| ८ | स्वास्थ्य चौकि नारायणपुर | १,७१,००० |
| ११ | स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति | २४,७०० |
| १४ | अम्विकेश्री मन्दिर संरक्षण तथा सम्वर्धन समिति | २,३४,९६९ |
| १५ | सामुदायिक व्यवस्था धर्ना | १९,००० |
| १७ | नेपाल विद्युत प्राधिकरण | २३,८९,७२३ |
| | **जम्मा** | **२९९१३९२** |

| | | |
|---|---|---|
| १९ | **पशु पंछी बजार प्रबद्धन कार्यक्रमः** यस अन्तर्गत रु ५,००,००० को मिल्कक्यान खरिद गरि कृषकहरुलाई वितरण गरेको छ । | |
| १९.१ | सार्वजनिक खरिद ऐन २०६४ को दफा५ अनुसार रु १ लाख भन्दा माथिको सामान खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्नेमा नगरि कृषकहरुबाट सोझै खरिद गराई सोध भर्ना दिइएको छ । | |
| १९.२ | सम्झौता अनुसार ४० लिटर पर्ने मिल्कक्यान वितरण गर्नुपर्नेमा ७ वटा कृषि फर्महरुलाई ४० लिटरको ३४ थान र २० लिटरको २५ थान वितरण गरेको छ । सम्झौता विपरित फरक साइजको मिल्कक्यान वितरण गर्नु हुँदैन । दुवै साइजको क्यानको रु ५ हजारका दरले सोधभर्ना दिइएकोले मूल्य विश्वसनिय नभएकोले छानबिन गर्नुपर्ने रु ..... | ५,००,०००/- |
| १९.३ | सोनिया कफि हाउसलाई रु ३०,००० को ६ थान मिल्कक्यान वितरण गरेको छ । कफि हाउस यस कार्यक्रमको लक्षित समूह नभएकोले अनियमित रुपले वितरण गरेको रु | ३०,०००/- |
| १९.४ | कृषि फर्म छनौट गर्दा निश्चित मापदण्ड अपनाउनु पर्नेमा अपनाएको छैन । | |
| २० | **डेरी पसल सुधार कार्यक्रम**<br>● यस कार्यक्रम अन्तर्गत डेरि पसलहरुको सुधारको लागि गरिएको सम्झौतामा चौमासिक रुपले प्रगति अनिवार्य रुपमा प्रतिवेदन पेश गर्ने व्यवस्था गरिएकोमा पेश गरेको छैन ।<br>● निशान्त डेरि एण्ड कफि शपलाई रु १६,९५०/- को कफि मेसिन उपलब्ध गराएको छ । यो कार्य डेरि पसल सुधार कार्यक्रम अन्तर्गत नपर्ने रु ........<br>● डेरि पसल छनौट गर्दा निश्चित मापदण्ड अपनाउनु पर्नेमा अपनाएको छैन । | १६,९५०/- |
| २१ | **स्वास्थ्य कार्यक्रम**<br>● २०७४/७५ देखि अनिवार्य रुपले इ विडिङ मार्फत औषधी खरिद गर्नु पर्नेमा पेपर बिड मार्फत खरिद गरेको छ ।<br>● खरिद गरिएको औषधिको गुणस्तर परिक्षण गर्नुपर्नेमा नगरि खरिद गरेको छ ।<br>● औषधिको स्टोर निरिक्षण गर्दा औषधिहरु -याक बेगर भुँइमा छरिएर रहेको पाइयो ।<br>● म्याद नाघेका औषधिहरु मातहतका स्वास्थ्य संस्थाहरुबाट फिर्ता गरि आवश्यक व्यवस्थापन गर्नु पर्नेमा फिर्ता गर्ने गरेको पाइएन ।<br>● भ्याक्सीनहरु राख्न फ्रिजको व्यवस्था छैन । | |
| २२ | **शिक्षा तर्फ :** शिक्षकहरुको नियुक्ती, अवकास, सरुवा, वढुवा, स्थायी ठेगाना आदी भएको व्यक्तिगत विवरण अद्यावधिक गरि राख्नु पर्नेमा गर्ने गरेको छैन । शिक्षक कितावखानाको तलवी प्रतिवेदनको आधारमा शिक्षकहरुको तलव निकासा दिने गरेको छ । चौमासीक निकासा खाता राख्ने गरेको छैन । आन्तरीक नियन्त्रण कमजोर हुन गई शिक्षकहरुको तलव निकासा फरक पर्न सक्ने अवस्था छ । | |

<table>
<tr><td></td><td>विद्यालय हरुको निरिक्षण तथा दरवन्दी व्यवस्थापन यथोचित रुपले हुन सकेको छैन ।</td><td></td></tr>
<tr><td>२३</td><td><u>कर विजक जारी नगरेको :</u> मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ बमोजिम दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि बाहेक प्रापकलाई अनुसूची ५ र ५क बमोजिमको ढाँचामा कर बिजक दिनु पर्छ । एक उ.स. मार्फत गराइएको कामको लागि उ.स.ले निर्माण व्यवसायी कश्यप निर्माण सेवालाई रु १०,३५,०००/- भुक्तानी दिइएकोमा कर विजक जारि नभएकोले भुक्तानि भएको मू.अ.कर असुल गर्ने रु......</td><td>१,१९,०७०/-</td></tr>
<tr><td>२४</td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ बमोजिम बीस हजार माथिको खरिद गर्दा आन्तिरक राजश्व कार्यलयबाट मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेको व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्दछ । भौ. नं. १३१७ बाट एक महिनाको गाडि भाडा रु ७७,०००/- भुक्तानी भएको तर गाडि कसको लागि कति प्रयोग भएको भन्ने विवरण उल्लेख नभएकोले यसमा सुधार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५</td><td><u>बढी भुक्तानी भएको :</u> <u>तपसिलका </u>उपभोक्ता समितिबाट गराएको काम भन्दा बढि भुत्तानी भएको असुलउपर गर्नुपर्ने रु
<table>
<tr><th>सि. नं</th><th>भौ. नं</th><th>आयोजना</th><th>रकम</th></tr>
<tr><td>१</td><td>१८१९</td><td>च्यानगैरा भलडाँडा श्रीचौर माराकोट खानेपानी बिस्तार उ.स.</td><td>१८,१०१</td></tr>
<tr><td>२</td><td>१८०१</td><td>सेवारखोला मिलघरदेखि खोलिगाँउ जाने बाटो मर्मत उ.स.</td><td>१,३६२</td></tr>
<tr><td>३</td><td>१८२३</td><td>गुलरीया ड्याम निर्माण उ.स.</td><td>१०,५६८</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३०,०३१</td></tr>
</table></td><td>३०,०३१/-</td></tr>
<tr><td>२६</td><td><u>कृषि कार्यक्रम</u><br>● कृषकहरुलाई वितरण गर्न पि.भि.सि.त्रिपाल खरिद गरि रेसुङ्गा सप्लाएर्सलाई रु ७,७८,५७०/- भुक्तानी दिई वितरण गरेकोमा प्रभावकारी अनुगमन भएको देखिदैन ।<br>● उ.म.न.पा.ले तरकारी, तोरी र खाद्यन्नको बिउहरु वितरण गरिरहेको छ । यस जिल्लामा विभिन्न खाले बिउको सट्टा प्रविधि र कृषि औजारहरुमा खर्च गर्नु उपयुक्त हुन्छ ।</td><td></td></tr>
<tr><td></td><td>कोष तर्फ :</td><td></td></tr>
<tr><td>२७</td><td>मर्मत संभार कोष तर्फ :<br>कार्यकम नवनाई खर्च : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा वजेट तथा कार्यकम पेश गर्ने र पारीत गर्ने उल्लेख छ । यस उपमहानगरपालिकाले यस वर्ष मर्मत संभार कोष अन्तर्गत रु ५८,९५,४५२।६९ खर्च गरेको छ । यस कोषमा यस वर्ष रु ७५ लाख जम्मा गरेको तर कार्यकम नवनाई कार्यालयको रंगरोगन, वाटो मर्मत, सफाइ तथा निर्माण, कृष्णपुर डाडामा मन्दिर संरक्षण, पक्कीनाला निर्माण, आर सि सि वाल निर्माण आदि कार्य गरेको छ । ऐन नियमको परिधिभित्र रही कार्यकम स्वीकृत गरी खर्च गर्नु पर्नेमा कार्यकम स्वीकृति वेगर रकम खर्च गरेको रु ..</td><td>५८,९५,४५३।</td></tr>
<tr><td>२८</td><td>प्रकोप व्यवस्थापन कोष :<br>कार्यकम नवनाएको : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा वजेट तथा कार्यकम पेश गर्ने र पारीत गर्ने उल्लेख छ । यस उपमहानगरपालिकाले यस वर्ष प्रकोप व्यवस्थापन कोष अन्तर्गत ८४,४०,१५०। खर्च गरेको छ । प्रकोप व्यवस्थापन अन्तर्गत प्रकोप न्युनिकरण र सोको व्यवस्थापन संग संवन्धीत कार्य मात्र नगरी यो वर्ष रु १,२९,९१,०८३। को वजेट कोषमा राखी कार्यकम वेगर शवदाह निर्माण, इन्धन, जाली खरिद, ह्युमपाइप खरिद, तथा जे.सी.वी को प्रयोग गरी वाटो निर्माण आदिका काममा उक्त रकम खर्च गरेको देखिन्छ । कार्यकम स्वीकृत गरी सोही अनुसार खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td>जाली खरिद : मेशीन मेड जाली खरिद गर्नको लागि रु ४९९३९६२। को लागत अनुमान तयार गरी वोलपत्र गरेकोमा १ मात्र फर्म वेष्टर्न डेभलपमेन्ट कन्स्ट्रक्सनले रु ४९९३,०७६। (०.०२ प्रतिशत न्युन)</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>कवोल गरी रु ४८७२६५०। भुक्तानी दिएको देखिन्छ । जसमध्ये १५२८० वर्ग मिटर मेशीन मेड जाली खरिद गरेकोमा उक्त जाली उपयोगको सम्वन्धमा अनुगमन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३०</td><td><u>कर विजक जारि नगरेको :</u> मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ बमोजिम दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि बाहेक प्रापकलाई अनुसूची ५ र ५क बमोजिमको ढाँचामा कर बिजक दिनु पर्छ । कार्यालयले प्रकोप व्यवस्थापन कोष अन्तर्गत ह्युम पाइप खरिद गरी भौ नं. ७० तथा १२८ वाट प्रयास कंक्रिट एण्ड ह्युम पाइप उद्योग प्रा लि (६०३५५२८७८) लाई रु ६५२०१८। भुक्तानी दिएको छ । जसमध्ये ढुवानीको मू.अ.कर विजक वेगर प्यान विल मात्र जारी गरेको देखिन्छ । ढुवानीमा कुल ७४९१०। भुक्तानी भएकोमा कर विजक वेगर भुक्तानी दिएकोले निजलाई कारवाही गरी ढुवानी विलमा दिएको मु.अ.कर रकम असुल गर्नुपर्ने रु ..........</td><td>८६१८।</td></tr>
<tr><td>३१</td><td><u>अमानतवाट निर्माण कार्य :</u> सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा रु १ लाख सम्मको निर्माण कार्य अमानतवाट गर्न सकिने उल्लेख छ । कार्यालयले देहाय अनुसारको कार्य अमानतवाट गराएको छ । नियमावलीमा भएको व्यवस्था विपरीत अमानतवाट कार्य गराउनु अनियमित देखिएको रु .........
<table>
<tr><th>भौ नं. र मिति</th><th>कार्यको विवरण</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>२३-०७५/३/१३</td><td>महिला तथा वालवालीका विकास केन्द्रको अधुरो भवन निर्माण</td><td>३५४४०३</td><td>पेश्की मार्फत कार्य गराएको</td></tr>
<tr><td>९-०७४/७/१</td><td>वालमैत्री शासन संवन्धी क्षेत्रिय स्तरको भवन निर्माण</td><td>८०००२१</td><td>प्रमुख प्रशासकिय अधिकृत कृष्ण प्रसाद सापकोटाद्धारा अमानतवाट कार्य गराउन लिखित स्वीकृति दिएको</td></tr>
<tr><td></td><td>जम्मा :</td><td>११५४४२४</td><td></td></tr>
</table></td><td>११,५४,४२४/</td></tr>
<tr><td>३२</td><td><u>वितरणको भर्पाई नभएको :</u> आर्थिक कार्यविधि निमयावली, २०६४ को नियम ३६ वमोजिम खर्चका प्रमाण सहितको लेखा राख्न र राख्न लगाउनुपर्ने व्यवस्था रहेको मा कार्यालयले वातावरण कोष अन्तर्गत वेलकम इन्टरप्राइजेज काठमाडौवाट रु ५७,९१,२५०। को २५०० थान कम्पोष्ट विन सेट खरिद गरेको छ । उक्त सामानहरु मध्ये केही सामान वितरण गरेको देखिएन । छलफलका क्रममा ११९१ थान जाली वितरण गरिसकेको जानकारी गराएको छ । वितरण भएको कम्पोष्ट विनको प्रयोग सम्वन्धमा अनुगमन गर्नुपर्ने देखिन्छ । वितरण गर्न बाँकी १३०९ थान वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु .........</td><td>३०,३२,२९८/</td></tr>
<tr><td>३३</td><td>वित्तीय जवाफदेहीताको मूल्यांकन:कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित विभिन्न २० सूचकको आधारमा मूल्यांकन गरिएको छ । सो बमोजिम वित्तीय जवाफदेहिताको स्तर राम्रो तह अन्तर्गत परेकोले यस कार्यालयले "सी" ग्रेडिङ्ग प्राप्त गरेको छ । सो को नतिजा तल उल्लेख गरिएको छ ।</td><td></td></tr>
<tr><td>३४</td><td>बेरुजू - पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु. ६३ लाख ३३ हजार, अनियमित बेरुजू रु. २ करोड १ लाख ४१ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु. १७ करोड ६८ लाख ७३ हजार र पेश्की रु २९ लाख ९१ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट/समायोजनवाट वेरुजु फछ्र्यौट नभई रु. २० करोड ६३ लाख ३८ हजार बेरुजू कायम भएको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><td>३५</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ। सोही ऐनको दफा ८४ (२) (घ) वमोजिम वेरुजु फछ्र्यौट गर्ने, गराउने कम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। कार्यालयले गत वर्षको वेरुजु मध्ये देहायअनुसार फछ्र्यौट गरी संपरीक्षणको लागि पेश गरेकोमा देहायअनुसार संपरीक्षण भएको छ। गत वर्षको वाँकी वेरुजु स्थिति निम्नानुसार देखिएको छ।
<table>
<tr><td>गत वर्षको बेरुजु रकम (रु.) (A)</td><td>यो वर्ष फछ्र्यौट (B)</td><td>बाँकी (C= A-B)</td></tr>
<tr><td>६९०४२०९१.४५</td><td>२५५२२९७२</td><td>४३५१९११९.४५</td></tr>
</table></td><td></td></tr>
<tr><td>३६</td><td>अनुगमन तथा मूल्याङ्कन : यस नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :।
<table>
<tr><td>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C)</td><td>यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D)</td><td>यो वर्षको कायम बेरुजु रु. ( E)</td><td>बाँकी (F= C+E)</td></tr>
<tr><td>४३५१९११९.४५</td><td>२००४००</td><td>२०६३३८३७१</td><td>२४९८५७४९०.४५</td></tr>
</table></td><td></td></tr>
<tr><td>३७</td><td>गत वर्षको संपरीक्षणवाट कायम वेरुजु : लक्ष्मी वहकरी, मधुसुदन वस्नेत लगायतको सामाजिक सुरक्षा भत्ताको रकम फिर्ता आएकोमा उक्त रकम कोषमा आम्दानी वाधेकोले उक्त रकम राजस्व खातामा जम्मा गर्नुपर्ने रु ..</td><td>२००,४००/</td></tr>
</table>

**अनुसूची– १**

## घोराही उप- महानगरपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**२०७४।७५**

**(रु.हजारमा)**

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | अशुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | दाङ | घोराही उप-महानगरपालिका | २१ | २० | २०६३३८ | ० | ० | ० | २१ | २० | २०६३३८ | ६३३३ | २०१४१ | १७६८७३ | | | १९७०१४ | | २९९१ | २९९१ |

**अनुसूची- २**

## सञ्चित कोष विवरण

**२०७४।७५**

**प्रदेश नम्बर :- ५**

**(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| १. | घोराही उप महानगरपालिका | दाङ | ७८९४१ | ६३२,४९१ | ५८७७५९ | १६३१८७ | १३८३४३७ | ६९०,९४३ | ६५२२११ | २५१०९ | १३६८२६३ | ९४११५ |